सम्वत् २०७५ सालको ऐन नं. १५

# भूमि सम्बन्धी ऐन, २०२१ लाई संशोधन गर्न बनेको विधेयक

**प्रस्तावनाः** भूमि सम्बन्धी ऐन, २०२१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "भूमि सम्बन्धी (सातौं संशोधन) ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **भूमि सम्बन्धी ऐन, २०२१ मा दफा ५२क. थपः** भूमि सम्बन्धी ऐन, २०२१ को दफा ५२ पछि देहायको दफा ५२क. थपिएको छः-

"५२क. **जमिन उपलब्ध गराउनेः** (१) नेपाल सरकारले भूमिहीन दलितलाई एक पटकका लागि तोकिए बमोजिम तीन वर्षभित्र जमिन उपलब्ध गराउनेछ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराइएको जमिन नामसारी र अंशवण्डा बाहेक अन्य प्रक्रियाबाट कसैलाई पनि दश वर्षसम्म हक हस्तान्तरण गर्न पाइने छैन।

(३) उपदफा (१) बमोजिम जग्गा उपलब्ध गराउने प्रयोजनको लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आयोग, समिति वा कार्यदल गठन गर्नेछ।

(४) उपदफा (३) बमोजिमको आयोग, समिति वा कार्यदल गठन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।"

भदौ ३०, २०७५ मा बसेको प्रतिनिधि सभाको बैठकले संशोधन सहित पारित गरेको र असोज ३१, २०७५ मा बसेको राष्ट्रिय सभाको बैठकले यो विधेयकलाई संशोधनविना फिर्ता पठाउने गरी पारित गरेको व्यहोरा नेपालको संविधानको धारा ११३ को उपधारा (१) बमोजिम प्रमाणित गर्दछु ।

..........................

**कृष्ण बहादुर महरा**
**सभामुख**
**प्रतिनिधि सभा**

**प्रतिनिधि सभाका सभामुखबाट प्रमाणित यो विधेयक नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरण गर्दछु ।**

**(विद्यादेवी भण्डारी)**
**राष्ट्रपति**

**मितिः २०७५/०६/०२**

संघीय संसद सचिवालय